# खुम्बु पासाङल्हामु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
चौरीखर्क, सोलुखुम्बु, कोशी, नेपाल।

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ३ मितिः २०८१/०३/२४


## भाग-१
## खुम्बु पासाङल्हामु गाउँपालिका

# विनियोजन ऐन, २०८१

# खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु को आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

सभाबाट स्वीकृत मिति : २०८०/०३/१०

<u>**प्रस्तावना:**</u> खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुको आ.व. २०८१/०८२ को वस्तु, सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने वस्तु, सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७५,४५,००,०००.०० (अक्षेरुपी रुपैयाँ पचहत्तर करोड पैंतालीस लाख मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने वस्तु सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत

हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

आज्ञाले,

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-१**
**(दफा २ सँग सम्बन्धित)**

| क्र.स. | आय शिर्षक नं | आय शिर्षक | अनुमानित आय |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ती कर | ९४ लाख ५५ हजार |
| २ | ११३१४ | भूमि कर | ५ लाख |
| ३ | ११३१७ | वहाल कर | २५ लाख |
| ४ | ११३१८ | वहाल विटौरी कर | २ लाख |
| ५ | ११४५१ | सवारीसाधन कर | ५ हजार |
| ६ | ११४७९ | अन्य मनोरन्जन शुल्क | ५ लाख |
| ७ | ११६११ | व्यवसायले भूक्तानी | २७ लाख ८९ हजार ७ सय ८९ |
| ८ | ११६२१ | व्यवसाय बाहेक अन्यले भूक्तानी | २ लाख |
| ९ | ११६३१ | कृषि तथा पशुजन्य वस्तु | १० हजार |
| १० | ११६९१ | विज्ञापन कर | ५० हजार |
| ११ | १३१४१ | अन्य संस्थागत आय | ६ करोड ८० लाख |
| १२ | १४१९१ | पर्यटन शुल्क | १५ करोड |
| १३ | १४१९२ | अन्य सेवा शुल्क | ६५ लाख |
| १४ | १४२४१ | पार्किङ शुल्क | ५ लाख |
| १५ | १४२४९ | अन्य दस्तुर | ४० लाख |
| १६ | १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | २० लाख |
| १७ | १४३१३ | धरौटी सदर स्याहा | २ लाख |
| १८ | १५१११ | बेरुजु | २० लाख |
| १९ | ३२१२२ | बैंक मौज्दात | १० करोड |
| आन्तरिक श्रोत जम्मा | | | ३४ करोड ९४ लाख ९ हजार ७ सय ८९ |

| | | | |
|---|---|---|---|
| २० | | सङ्घीय सरकार समानीकरण अनुदान | ८ करोड ५५ लाख |
| २१ | | सङ्घीय सरकार समपुरकअनुदान | १ करोड ३० लाख |
| २२ | | सङ्घीय सरकार शशर्त अनुदान चालु | १० करोड २३ लाख ९० हजार |
| २३ | | सङ्घीय सरकार शशर्त अनुदान पूँजीगत | ७३ लाख |
| २४ | | सङ्घीय सरकार विषेश अनुदान पूँजीगत | ९० लाख |
| सङ्घीय सरकार तर्फको जम्मा | | | २१ करोड ७१ लाख ९० हजार |
| २५ | | सङ्घीय सरकार राजश्व बाँडफाँड, मु अ कर | ६ करोड ६ लाख ८२ हजार ५ सय ६७ |
| २६ | | सङ्घीय सरकार राजश्व बाँडफाँड, अन्त शुल्क | २ करोड २३ लाख १७ हजार ४ सय ३३ |
| २७ | | सङ्घीय सरकार राजश्व बाँडफाँड, पर्वतारोहण | ७ करोड ८३ लाख ५१ हजार ४ सय ७७ |
| २८ | | सङ्घीय सरकार राजश्व बाँडफाँड, वन | १० लाख ९१ हजार ७ सय ३४ |
| २९ | | राजश्र्व बाँडफाड स्थानिय, मालपोत | १० लाख |
| राजश्व बाँडफाँड तर्फको जम्मा | | | १६ करोड ३४ लाख ४३ हजार २ सय ११ |
| ३० | | कोशी प्रदेश सरकार समानीकरण अनुदान चालु | ५१ लाख २२ हजार |
| ३१ | | कोशी प्रदेश सरकार समपुरकअनुदान पूँजीगत | ९७ लाख ५० हजार |
| ३२ | | कोशी प्रदेशज्ञ सरकार राजश्व बाँडफाँड | ७९ लाख २९ हजार |
| ३३ | | कोशी प्रदेश सरकार शशर्त अनुदान चालु | १६ लाख ५६ हजार |
| **कूल जम्मा** | | | **७५ करोड ४५ लाख** |